स्थानीय सरकार

# फतुवा विजयपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मीनिया, रौतहट

प.स.:-२०८२/०८३
च.नं.:- १६४४

मितिः-२०८३/०३/१९

विषयः- चालु आ.व. २०८२/०८३ भुक्तानी तथा खाता बन्द हुने सम्बन्धमा ।
दोश्रो पटक ताकेता

श्री विषयगत शाखा सवै,
श्री वडा कार्यालय सवै,
श्री निर्माण व्यवसाथी तथा उपभोक्ता समिति सवै,
श्री सरोकारवाला संघ संस्था सवै,

प्रस्तुत विषयमा महालेखा नियन्त्रक कार्यालय, कोष व्यवस्थापन शाखा, अनामनगर, काठमाडौंको प.सं. ०८२/०८३, च.नं. १३२६, मिति २०८३/०३/०२ गतेको प्राप्त पत्रानुसार र आर्थिक तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) वमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७(सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अधावधिक गरी भुक्तानी निकासा वन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको तथा अन्तिम हप्तामा कार्यालयले कर दाखिला गर्नुपर्ने, संघीय सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता गरी सोको भौचर को.ले.नि.का. मा वुझाउनुपर्ने, सम्पुर्ण कारोवारको हिसाव मिलान गरी संघीय सरकार र प्रदेश सरकार लगायत निकायमा प्रतिवेदन पठाउनुपर्ने व्यवस्था भए वमोजिम यस नगरपालिकावाट सञ्चालित सम्पुर्ण योजना, कार्यक्रम कार्यन्वयन सम्पन्न गरी गुणस्तर परीक्षण प्रतिवेदन सहित भुक्तानीको लागि मिति २०८३।०३।१५ गते भित्र अनिवार्य रुपमा सम्पुर्ण कार्य सम्पन्न गरी यस कार्यालयमा फाईल पेश गरिसक्नुपर्ने र मिति २०८३।०३।२० गते सम्म अनिवार्य भुक्तानी लिई फरफारक गर्नका लागि जानकारीको लागि अनुरोध छ ।साथै तोकिएको समयभित्र भुक्तानी लिन नआएमा कार्यालय जवाफदेही नहुने यसै सुचना मार्फत व्यहोरा सम्बन्धित सवैमा जानकारीको लागि अनुरोध छ ।

भरत प्रसाद यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
श्री सुचना प्रविधि शाखा: वेवसाइटमा अपलोड गर्नुहुन ।